प्रस्तावना: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी यस ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको कृषि एम्बुलेन्स सञ्चालन कार्यविधि २०८० मा केहि संशोधन गर्न वाञ्छनीय भएकोले यो संशोधन गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

क) यस कार्यविधिको नाम "**ताप्ली गाउँपालिकाको कृषि एम्बुलेन्स सञ्चालन कार्यविधि पहिलो संशोधन २०८०**" रहेको छ।

ख) यो कार्यविधि मिति २०८०/०७/१३ देखि लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) कार्यविधि भन्नाले ताप्ली गाउँपालिकाको कृषि एम्बुलेन्स सञ्चालन कार्यविधि २०८० लाई सम्झिनु पर्छ।

ख) गाउँपालिका भन्नाले यस ताप्ली गाउँपालिका सम्झनु पर्छ।

ग) कार्यपालिका भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

## परिच्छेद-२

## गरिएको संशोधन

३. कार्यविधिको अनुसूची २ मा देहायबमोजिम संशोधन गरिएको छ।

| स्थान | कायभ भएको | संशोधन गरि कायम गरिएको |
|---|---|---|
| कटारी | रु. ६००० | रु. ८,००० दोहोरो प्रयो भएमा कृषि सामग्री मात्र बोक्ने गरी रु. १२,००० |
| गाईघाट | ८००० | रु. १०,००० दोहोरो प्रयो भएमा कृषि सामग्री मात्र बोक्ने गरी रु. १५,००० |
| काठमाण्डौ | १८००० | रु. २२,००० दोहोरो प्रयो भएमा कृषि सामग्री मात्र बोक्ने गरी रु. ३३,००० |
| हलेसी | - | रु. १५,००० दोहोरो प्रयो भएमा कृषि सामग्री मात्र बोक्ने गरी रु. २२,५०० |
| दिक्तेल | - | रु. २०,००० दोहोरो प्रयो भएमा कृषि सामग्री मात्र |

| | | |
|---|---|---|
| | | बोक्ने गरी रु. ३०,००० |
| ओखलढुँगा | - | रु. १५,००० दोहोरो प्रयो भएमा कृषि सामग्री मात्र बोक्ने गरी रु. २२,५०० |
| सोलु सल्लेरी | - | रु. २५,००० दोहोरो प्रयो भएमा कृषि सामग्री मात्र बोक्ने गरी रु. ३७,५०० |
| गाउँपालिका भित्र १० कि.मी. सम्म | | रु. २,५०० |
| गाउँपालिका भित्र १० कि.मी. भन्दा माथी थप प्रति कि.मी को | | रु. २५० |